राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १२ | अंक ३४८ | २०८२ भाद्र १४ गते शनिवार | (Saturday, 30 Aug, 2025) | पृष्ठ ४ | मुल्य रु. ५

# मुख्यमन्त्री कार्यालयबाट ६५ लाखको सफ्टवेयर गायब

**शैलेन्द्र महतो**

**जनकपुरधाम, भाद्र १३ गते ।**

मधेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले ६५ लाख रुपैयाँमा खरिद गरेका ६ वटा सफ्टवेयर कार्यालयमै नल्याई गायब पारिएको छ ।

आर्थिक वर्ष २०७७/०७८ मा खरिद गरिएका ६ वटा सफ्टवेयर अहिलेसम्म जिन्सीमा दाखिला नै नगरी गायब पारिएको खुलेको हो ।

कार्यालयले इनभेन्ट्री म्यानेजमेन्ट इनफरमेसन सिस्टम (आईएमआईएस), अफिस अटोनोमेसन सिस्टम (ओएएस), पर्सनल इनफरमेसन सिस्टम (पीपीआईएस), कन्ट्याक्ट म्यानेजमेन्ट इनफरमेसन सिस्टम (सीएमआईएस), प्रोजेक्ट परफरमेन्स इनफरमेसन सिस्टम (पीपीआईएस) र डाटा इन्ट्री एन्ड रिपोर्टिङ एप्लिकेसन सिस्टम सफ्टवेयर खरिद गरेको थियो ।

खरिद भएको ६ वटै सफ्टवेयर जिन्सीमा दाखिला छैन । तर आपूर्तिकर्ताहरूको भुक्तानी भने खरिद भएकै वर्ष भइसकेको छ ।

तत्कालीन मुख्यमन्त्री लालबाबु राउतको पालामा विभिन्न प्रयोजनको लागि कार्यालयले ६ वटा कम्प्युटर सफ्टवेयर भन्डै ६५ लाखमा आपूर्तिकर्ता कम्पनीसँग खरिद गरेको थियो ।




कार्यालयका अनुसार अफिस अटोनोमेसन सिस्टम सफ्टवेयर १८ लाख ६२ हजार ८०५ रुपैयाँमा ड्राई आइस सोलुसन काठमाडौंबाट खरिद गरिएको थियो । यस्तै प्रोजेक्ट परफरमेन्स इन्फरमेसन स्टिम सफ्टवेयर ड्राई आइस सोलुसनबाटै १८ लाख ६६ हजार ७६० रुपैयाँमा खरिद गरिएको थियो ।

पर्सनल इनरफरमेसन सिस्टम (पीपीआईएस) १२ लाख ७५ हजार ५३४ हजारमा हिमालयन इन्स्टिच्युट अफ टेक्नोलोजी, काठमाडौंबाट आपूर्ति गरिएको हो ।

कन्ट्याक्ट म्यानेजमेन्ट इनफर मेसन सिस्टम (सीएमआईएस) ४ लाख ९५ हजार ९५७ रुपैयाँमा एस्टर इनोभेसन ललितपुरबाट र डाटा इन्ट्री एन्ड रिपोर्टिङ एप्लिकेसन सिस्टम हुमला टेक्नोलोजी काठमाडौंबाट ४ लाख ६५ हजार ३६२ रुपैयाँमा खरिद गरिएको थियो ।

इनभेन्ट्री म्यानेजमेन्ट इनफरमेसन सिस्टम (आईएमआईएस) पिस नेपाल, काठमाडौंबाट ४ लाख ९५ हजार ७३१ रुपैयाँमा खरिद गरिएको हो ।

खरिद गरिएका यी सफ्टवेयर अहिलेसम्म जिन्सी शाखामा छैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत यस विषयमा अनुसन्धान गरिरहेको छ ।

कार्यालयका जिन्सी शाखा प्रमुख रामअशिष रायले २०७७/०७८ मा खरिद भएका ६ वटै सफ्टवेयर अहिलेसम्म कार्यालयमा दाखिला नभएको बताए ।

'६ वटा सफ्टवेयर अहिलेसम्म जिन्सीमा दाखिला छैन । अख्तियारबाट पत्र आउँदा मैले पनि खोजेको थिएँ । तर दाखिला देखिएन । के कुन अवस्थामा छन् भन्ने पनि मलाई थाहा छैन,' उनले भने ।

कार्यालय स्रोतका अनुसार आव २०७७/०७८ को अन्तिममा बिना कुनै कार्यविधि, योजना र औचित्य सफ्टवेयर खरिद गरिएको थियो ।

तत्कालीन कार्यालय सचिव यमप्रसाद भुसालको एकल निर्णयबाट खरिद भएको थियो । सचिव भुसाल मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ कार्यक्रमअन्तर्गत छोरीलाई वितरण गर्न खरिद गरिएको ब्रान्ड बाहिरको साइकलमा भ्रष्टाचारी ठहर भइसकेका पात्र हुन् ।

# 'धार्मिक र सांस्कृतिक परम्परा संरक्षणमा समुदायको भूमिका अपरिहार्य'

**महेन्द्रनगर, भाद्र १३ गते ।**

नेपाली कांग्रेसका नेता बिमलेन्द्र निधिले धार्मिक र सांस्कृतिक परम्पराको संरक्षण तथा प्रवर्द्धनमा समुदायको सक्रिय भूमिका अपरिहार्य रहेको बताएका छन् ।

ब्याहुत सेवा समिति कलवार कुट्टी जनकपुरधामद्वारा श्री बलभद्र जयन्ती पुजन समारोहलाई आज जनकपुरधाममा सम्बोधन गर्दै उनले धार्मिक चेतना र सामाजिक एकता बलियो बनाउने खालका यस्ता कार्यक्रमले समाजमा सकारात्मक सन्देश दिएको बताए ।

उनले भने, 'बलभद्र जयन्ती जस्ता पर्वले हामीलाई हाम्रो सांस्कृतिक जरा सम्झाइ रहन्छ ।'

प्रदेशसभा सदस्य एवं पूर्व भौतिक पूर्वाधारमन्त्री रामसरोज यादवले संस्कृति र परम्परालाई जीवित राख्न यस्ता कार्यक्रम आवश्यक रहेको उल्लेख गरे ।

जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोज साहले समारोहमा शुभकामना मन्तव्य दिँदै नगरपालिकाले धार्मिक, सांस्कृतिक तथा सामुदायिक कार्यक्रमप्रति सदैव सकारात्मक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# मधेस प्रदेशसभाको बैठक अनिश्चितकालका लागि स्थगित

द पब्लिक टुडे समाचारदाता

गौशाला, भाद्र १३ गते ।

प्रमुख प्रतिपक्षी दलको विरोधका कारण मधेश प्रदेशसभाको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भएको छ । शुक्रबार छैटौं अधिवेशनको दोस्रो बैठक पनि प्रतिपक्षी दलले विरोध गरेपछि बैठक स्थगित भएको हो ।

शुक्रबारको बैठक सुरु हुनेबित्तिकै प्रतिपक्षी दलले उठेर ह्वायपह्वाप गर्दै विरोध जनाएका थिए । त्यसपछि सभामुख रामचन्द्र मण्डलले नेकपा (माओवादी केन्द्र) का जवाहरलाल कुशवाहालाई बोल्ने समय दिए । कुशवाहाले अर्थमन्त्रीले त्रुटिपूर्ण बजेट ल्याएको र बहुमतले पास गरिएको भन्दै अर्थमन्त्री सुनीलप्रसाद साहको राजीनामा माग गरे । उनले अर्थमन्त्रीको राजीनामा नआएसम्म सदनमा अवरोध जारी रहने बताए । यता, प्रतिपक्षी दलहरूले दुई दिनदेखि सभामुखले बोलाएको सर्वदलीय बैठकसमेत बहिष्कार गर्दै आएका छन् ।

जनता समाजवादी पार्टी (जसपा) नेपाल, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नेपाल सङ्घीय समाजवादी र राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रदेशसभा सदस्यहरूले बैठक अवरुद्ध गर्दै आएका हुन् ।

# आन्दोलन गर्ने शिक्षकको तलब काट्ने चेतावनी




**सन्तोष सिंह**

**गौशाला, भाद्र १३ गते ।**

महोत्तरीको मनराशिसवा नगरपालिकाका नगर प्रमुख मोहन पाण्डेयले दिनहुँ विद्यालयमा हाजिरी गरी नगरपालिकाको कार्यालयमा आएर आन्दोलन गर्न थालेपछि तलब काट्ने चेतावनी दिएका छन् ।

शुक्रबार नेपाल शिक्षक महासंघमा आबद्ध शिक्षकहरु विद्यालयमा हाजिरी गरी नगरपालिकाको कार्यालयमा धर्ना बसेपछि नगर प्रमुख पाण्डेयले विद्यालयमा हाजिरी गरेर आन्दोलनमा सहभागी हुने शिक्षकको तलब कट्टा गर्ने चेतावनी दिएका हुन् ।

'विद्यालयमा आएर हाजिरी गर्ने अनि आन्दोलनमा जाँदा विद्यार्थीको भविष्यसँग खेलबाड भइरहेको छ,' नगर प्रमुख पाण्डेयले भने, 'हाजिरी गरेको दिन शिक्षकले विद्यालयमा पढाउनु पर्छ । हाजिरी गरेर आन्दोलनमा गइरहने शिक्षकको तलब कट्टा गर्ने तयारी गरेका छौं । दिनहुँ आन्दोलनमा जाने शिक्षकले बिदा लिएर जान सक्छ ।'

अधिकारका लागि आन्दोलन गर्ने शिक्षकले विद्यार्थीको पढ्ने अधिकारबाट बञ्चित गरी भविष्यसंग खेलबाड गर्न नमिल्ने नगर प्रमुख पाण्डेले बताए ।

# मोबाईल पसल फटाई चोरी गर्ने गिरोह पक्राउ

**द पब्लिक टुडे समाचारदाता**

**ढल्केबर, भाद्र १३ गते ।**

धनुषामा मोबाईल पसल फटाई चोरी गर्ने गिरोहलाई प्रहरीले पक्राउ गरेको छ । धनुषाको गणेशमान चारनाथ नगरपालिका वडा नं.६ गोदार चोकमा सञ्चालनमा रहेको राज कुमार मोबाईल पसलको सटर फोडेर धनमाल चोरी गरेको आरोपमा तीनजनालाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा गणेशनाम चारनाथ नगरपालिका वडा नं. ७ मा बस्ने २० बर्षीय अर्जुन मुखिया, १९ बर्षीय सिकेन्द्र पासवान र वडा नं. ५ मा बस्ने २२ बर्षीय कृष्ण मण्डल रहेको इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक जटाशंकर यादवले जानकारी दिए ।



धनुषाधाम नगरपालिका वडा नं. ८ केसरकट्टी बस्ने ५१ बर्षीय राज कुमार साहले गोदार चोकमा सञ्चालन गरेको उक्त मोबाइल पसलमा गएको भदौ ५ गते राति १ बजेको समयमा उनीहरुले सटरको ताल्चा फोडेर पसलमा रहेको बिभिन्न किसिमको मोबाईल सेट थान ४५, ड्रोन क्यामेरा २ थान, टेम्पर ग्लास ५ डब्बा, देवाल घडी ५ थान, हाते घडी १५५ थान, टर्च ६ थान र नगद ९८ हजार ७६५ रुपैया समेत गरी करिब १० लाख बराबरको धनमाल चोरी भएको प्रहरीले जनाएको छ ।

घटनापछि प्रहरीले पसलकै सिसिटिभी क्यामेराको सहयोगमा चोरीमा संलग्न मध्येका उनीहरु तीनजनालाई पक्राउ गरिएको प्रहरी निरीक्षक यादवले बताए ।

उनका अनुसार पक्राउ परेका प्रतिवादीहरूको सँगसाथ, घर र उनीहरूले लुकाएको स्थानबाट बिभिन्न कम्पनीको मोबाईल थान-१२ (एन्ड्रोइड र बटमवाला मोबाईल), घडी, क्यामेरा स्टेण्ट, मोबाईलको चार्जर, ग्लास, लेन्स लगायतका सामान बरामद भएको हो ।

पक्राउ परेका तीनैजनामाथि चोरी तथा डाँका सम्बन्धी कसूर मुद्दामा म्याद थप गराई अनुसन्धान कार्य भईरहेको र घटनामा संलग्न अन्य फरार आरोपितहरुलाई खोजतलास गर्ने कार्य तीव्र पारिएको इलाका प्रहरी कार्यालय ढल्केवरले जनाएको छ ।

## कविता



# अनुशासन

***

**नारदप्रसाद काफ्ले**
अध्यक्ष, सिस्नुपानी नेपाल
महोत्तरी

आफूलाई आफैले हेरी के-के गर्छु भनी-भनी ।
ख्याल गर्दै अघि बढ्नु कुशल मङ्गल गनीगनी ।
अनुशासन त्यही हो भन्छन् जसले राख्छआफ्नो ख्याल। दिनचर्या उसकै हो त्यो उठ-बस् गर्छ बाचुञ्जेल।

केके गर्नु हुन्छ मैले केके गर्दा लाग्छ ठेस ।
आनन्दले दिन बितोस हेर्न पाईयोस कहाँ के छ ।
आफैंले आफैंमाथी राज्य गर्न तम्तयार ।
अनुशासनले पार्छ त्याँहा स्यमलाई होसियार ।

कस्तो थिएँ के छु म अहिले गर्दैछुम के-के काम ।
कति काम बिगारे पो मैले छली, दली राखे नाम ।
होशीयार जोजो भयो गऱ्यो उसले देश सेवा ।
अनुशासनको पाठ सिक्यो कृतज्ञको पायो टेवा ।

आफूलाई विर्सीविर्सी जन भलो अपनायो जसले ।
पायो तृप्ती संसारको भोग्यो कुशल कार्य उसले ।
ईजत सम्मान प्राप्ति हुन्छ आफू भन्दा छन अरु ।
सोचीसोची कार्य गरे फल मिल्छ त्यतै बरु ।

पाठ पढ्नुपर्छ जे हो अनुशासन भन्ने के हो ।
गर्ने काम गर्नै पर्छ आत्म संयम हुँदा के भो ।
आफूलाई आफैंदेखि होशियारी राख्न सके ।
सफलताको शिखरमा पुग्छ हो त्यो साँचो छ के ।

## कविता



# हटेन अत्याचार

***

**स्वेच्छा महतो**
जनता मा.वि. गौरीडाँडा
बर्दिवास, महोत्तरी

युगले कोल्टे फेरी सक्यो विज्ञानले
छोरीमाथिको भेदभाव हटाएन समाजले
कोही जल्दछन् दाइजोको कारणले
रोकेन अत्याचार कुनै नीति नियमले।

जे जति पढ्नु लेखून खाली हुन्छ दिमाग
दिन दुखी,लिन खुसी व्यवहार खराब
नारामा मात्रै सिमित बेटी बचाऊ पढाऊ
छोरी जस्तै बुहारी हो भन्ने चेतना दिलाऊ।

अझैसम्म घटेन यहाँ मपाइँको रजाइँ
फलाकिन्छ भाषण आफ्नै डम्फू बजाई
चेतनाको दीप बाली झलमल्ल पारौं अब
सबैतिर खुसीयाली हासिन्छ मिलेर सब।

## कविता



# प्रेमको आभास

***

**ललित यादव**
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

म आँखा होइन, तिम्रो सपना बन्न सक्छु,
न बोल्दा पनि मनभित्र बस्न सक्छु।

हावासँगै ल्याउँछु माया को सुवास,
हृदयमा भर्छु म प्रेमको आभास।

म गीत होइन, तर स्वरमा रमाउँछु,
तिम्रो मुस्कानमा आत्मा हराउँछु।

तारा भन्दा उज्यालो छैन मेरो रङ्ग,
तर म छु प्रेमको अनन्त तरङ्ग।

तिमीले एकपटक दृष्टि मात्र देऊ,
जीवनभर तिम्रो कथा म लेखिदेऊ।

## कविता



# सेकुवाको झिर

***

**प्रेम घिमिरे**
"अग्निकवच"

मसला, तेल सुगन्धित मेल मिलाई बुकुवा
पहेंलो चिल्लो बनाइ मल्छन् दोबाटो ढुकुवा
चुनावमा पाउ जसरी मल्छन् नेताले जनताको
त्यसरी मल्छन् मासुका चोक्टा यता र उताको।१।

पाडो होस् भैंसी कुखुरा खसी बङ्गुर सुँगुर
सबैको मानमर्दन गर्छन् निर्दयी असूर
बडाका खाना मासुका चाना उनिँदा झिरमा
मतदाता जस्तै मख्ख छ झिर नपरी पीरमा।२।

फूलको माला उनेझैं चाला कौटिल्य नबुझ्दा
बल्छीको चारा हो ज्यानमारा भनेर नसुझ्दा
भुङ्गोमा पोल्दा सहन्छ सँधै त्यो कर्मवीरले
पाकेको सेकुवा हसुर्छ अर्कै सामन्ती किराले।३।

भोकै र प्यासै उनेको मासु सेकाउने झिरको
रामकहानी बुझ्दैनन् कोही पीडित गिरको
काम पर्दा भाँडो नपर्दा ठाँडो मानिने चलन
सेक्नेले सेक्यो कस्ले पो देख्यो झिरको जलन।४।

प्लेटमा सजाई टेवलमाथि राखेर सेकुवा
सितन मिठो मानेर खान्छन् ती घिउ बेचुवा ।
सेकुवाको भाउ सात गुणा बढ्छ त्यही छ नजिर
मिल्किन्छ कुनाकाप्चामा सँधै सेकुवाको झिर।५।

कोइलाको रापमा तेर्सिएर सेकुवा पकायो
सेकुवा खाने मालिकले लात पेटमा टेकायो।
तेर्सिन्छ सँधै घोप्टिन्छ बरू हुँदैन ठाडो शिर
जिन्दगी रापमा बिताउँछ तापमा सेकुवाको झिर।६।

## कविता



# दशैंको खुशीयाली

***

**नबिन श्रेष्ठ**
बर्दिबास जनता बहुमुखी क्याम्पस
बर्दिवास-२, महोत्तरी

दशैं आयो, आयो हर्ष,
सबैको मुहारमा छ आनन्द र हर्ष।
पिङको डोरी हावामा हल्लिन्छ,
बालकदेखि वृद्धासम्म दिल रमाउँछ।

जमरा हरियो, टीका रातो,
घरघरमा बज्छ मादलको बातो।
मासु भातको गन्ध चल्छ,
दशैंको मिठास मनमा बल्छ।

दाजुबहिनीको भेटघाट हुन्छ,
माया र आशिषले घर भरिन्छ।
काकाकी छोरी, मामाकी नानी,
सबै संगै रमाउँछन् पक्कै पनि।

नयाँ लुगा, नयाँ चप्पल,
खुशीले भरिन्छ घरको आँगन हलचल।
आमाले पकाउनु हुन्छ मिठो परिकार,
बाउज्यूले दिनुहुन्छ टीकासँग प्यार।

चङ्गा उडाउँछ बालक रमाई,
गीत गाउँछ युवायुवती झुमी झुमी नाचाई।
बर्खा सकिएर घामले हाँसेको बेला,
दशैं आउँछ साथमा खुशीको मेला।

शुभकामना बाँडिन्छ हृदय खोलेर,
दशैंले सिकाउँछ प्रेम बोल्न जोरेर।
हाम्रो संस्कृति, हाम्रो शान,
दशैं हो एकताको असल प्रमाण।

## गजल



# मन

***

**विपिराज दाहाल**
ढल्केवर, धनुषा

मन शान्त रहोस् तन स्वस्थ रहोस्
सब मानवमा सुख वृद्धि हवोस्
धरती नभमा जति प्राण रहून्
सब हर्ष विभोर बनी उभियून ।

हित मानव खातिर सोच बढोस्
छलछाम कुनै मनमा नरहोस्
बुझ पाप र धर्म यही मन हो
मन बुझ्न सके बुझ यै धन हो ।

धन बैभवले न त शान्ति दिने
न त शोक र भोक मिटाइदिने
धनदास बनेर नचाउँछ जो
न त मालिक बन्न सघाउँछ यो ।

हर वस्तु विषे जब भोक बढे
बुझ जीवनमा तब शोक बढे
बुझ जीवनसार यही छ अरे
अति चञ्चल यो मन शान्त गरे ।

सुख चैन मिलाउन सक्छ मन
दुख दर्द हटाउन सक्छ मन
सहजै तनभार हटाउँछ यो
नवचेतन भाव जगाउँछ यो ।

अति शिष्ट विचार धरौं मनमा
सहयोग गरौं हर जीवनमा
न त जित्न परोस् न त हार्न परोस्
समभाव रहोस् हर चिन्तनमा ।

## कविता



# आमाबुबा भगवान

***

**हरिन्द्र सिंह**
जनता माध्यमिक विद्यालय
बर्दिवास-२, महोत्तरी

बुबाको काध र आमाको काख,
दुःख-सुखको साथ र पारख ।
बुबाको पसिना र परिश्रमको कथा
महान् छ आमाको ममताको गाथा ।

सम्पाई दिनेजीवनका हरेक डोब
तपाईंहरु बिना लाग्दैन कुनै लोभ ।
शब्दहरूले सकिन्न जसको बयान गर्न
गगनभन्दा फराकिलो छ आमाबुबाको माया ।

सपना देख्न सिकाउने गुरु,
लडेर उठ्न सिकाउने गुरु ।
टुकुटुकु हिडाउने समाएर हात
जीवनको हर मोडमा तपाईंहरूकै साथ ।


पढी, लेखी समाजमा ज्ञानी मान्छे बन्न
स्कुल, क्याम्पस पढाउने गर्दै परिश्रम ।
शिरमा हात, आशिर्वाद सन्ततिको नाम
बुबाआमा साक्षात् हुन् सबको भगवान ।

**सामुदायिक रेडियो दर्पण**
**८८.४ मेगाहर्ज**
बर्दिबास-३ गौरीडाँडा, महोत्तरी
बिहान ५ बजेदेखि राति ११ बजेसम्म
समाचार, विज्ञापन, सल्लाह
सुझाव र प्रतिक्रियाको लागि
सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

**पृष्ठ संयोजन : नारायण घिमिरे** [प्रत्येक शनिवार प्रकाशित हुने साहित्य पृष्ठका लागि कविता, गजल, मुक्तक, लघुकथा लगायतका रचना भए thepublictoday2070@gmail.com मा पठाउन सक्नुहुनेछ ।]

# लोकसेवा परीक्षाको तयारी सामग्री

धीरेन्द्र कुमार महतो
प्रस्तुतकर्ता



## समसामयिक अपडेट–२०८२

**१. सरकारले नेपाल प्रहरीको ३२ औं महानिरीक्षकमा कसलाई नियुक्ति गरेको छ ?**
☞ चन्द्रकुवेर खापुङ



✼ कहिले नियुक्ति भयो ? : २०८२ भदौ १३ गते
✼ हालका आईजीपी दिपक थापा यही भदौ १८ गतेदेखि अवकाशमा जाँदैछन् । उनी अवकाशमा जाने भएपछि सरकारले खापुङलाई नयाँ आईजीपी नियुक्त गरेको हो।
✼ ३१ औं प्रहरी महानिरीक्षक (आईजी) : दिपक थापा ( २०८१ चैत्र ४ गते )

**२. मदन पुरस्कार २०८१ प्राप्त गर्ने कृति कुन हो ?**
☞ उरमाला
✼ कृतिकार : छुदेन कामिबो
✼ मदनशमशेरको स्मृतिमा प्रदान गरिने
✼ यो पुरस्कार रानी जगदम्बाले पति मदन शमशेर राणाको नाममा वि.सं. २०१२ असोज १० मा स्थापना गरेकी हुन् ।
✼ मदन पुरस्कार वि.सं. २०१३ बाट वितरण गर्न थालिएको हो।
✼ साहित्य, विज्ञान र समाजशास्त्रको क्षेत्रमा योगदान गर्ने व्यक्तिलाई यो पुरस्कार प्रदान गरिन्छ।
✼ प्रारम्भमा मदन पुरस्कारको राशि रु.४ हजार रहेको थियो।
✼ वि.सं. २०६२ बाट यो पुरस्कारको राशि रु. २ लाख रहेकोमा वि.सं. २०७५ बाट बढेर हाल यसको राशि रु ४ लाख पुगेको छ।
✼ प्रदान गर्ने संस्था : मदन पुरस्कार गुठी
✼ मदन पुरस्कार-२०८०
✼ कृतिः मुकाम रणमैदान ( नेपाल-अङ्ग्रेज युद्धको बखान )
✼ कृतिकार : मोहन मैनाली

| | कृतिकार (कृति/वर्ष) |
|---|---|
| पहिलो पटक | ✼ सत्यमोहन जोशी (हाम्रो लोकसंस्कृति)(२०१३)<br>✼ चित्तरञ्जन नेपाली (जनरल भीमसेन थापा र तत्कालीन नेपाल २०१४)<br>✼ बलराम जोशी (अधिक विभव स्थिर विद्युत् उत्पादन २०१३ ) |
| हालसम्म मदन पुरस्कार प्राप्त गर्ने महिलाहरू | ✼ वि.सं. २०२२ : शिरीषको फूल, पारिजात<br>✼ वि.सं. २०६७ : जीवन काँडा कि फूल, झमककुमारी घिमिरे<br>✼ वि.सं. २०७० : खलंगामा हमला, राधा पौड्याल<br>✼ वि.सं. २०७४ : योगमाया, नीलम कार्की, निहारिका<br>✼ वि.सं. २०३१ र २०३३ सालमा मदन पुरस्कार वितरण गरिएन। |
| एकै वर्ष उही कृतिका लागि मवन र साझा पुरस्कार पाउने साहित्यकारहरू ४ जना | ✼ भवानी भिक्षु (आगत)<br>✼ धनुषचन्द्र गौतम (घामका पाइलाहरू)<br>✼ विनोद प्रसाद धिताल (योजनागन्धा)<br>✼ मदनमणि दीक्षित (माधवी) |
| मदन पुस्तकालयमा रहेका | ✼ पुस्तक सूचीः मदन सौरभ<br>✼ पत्रिका सूचीः मदन गौरभ<br>✼ लेखकको सूचीः मदन पौरख भनिन्छ। |
| सर्वाधिक पटक पाउने सत्यमोहन जोशी | ✼ सत्यमोहन जोशी (३ पटक प्राप्त )<br>✼ वि.सं. २०१३ : हाम्रो लोक संस्कृति कृतिका लागि<br>✼ वि.सं. २०१७ : हाम्रो राष्ट्रिय मुद्रा कृतिका लागि<br>✼ वि.सं. २०२८ : कर्णाली लोक संस्कृति कृतिका लागि |
| मदन पुरस्कार प्राप्त गर्ने पहिलो | ✼ उपन्यास मन (लीलाध्वज थापा)<br>✼ महाकाव्य मानव (मोदनाथ आश्रित) |
| पछिल्लां मदन पुरस्कार विजेताहरू | ✼ वि.सं. २०८१ : उरमाल, छुदेन कावीमो<br>✼ वि.सं. २०८० : मुकाम रणमैदानः नेपाल अङ्ग्रेज युद्धको बखान, मोहन मैनाली<br>✼ वि.सं. २०७९ : ऐंठन, विवेक ओझा<br>✼ वि.सं. २०७८ : अग्नि, डा. नवराज लम्साल<br>✼ वि.सं. २०७७ : लिम्बुवानको ऐतिहासिक दस्तावेज संग्रह १७१९-२०२०, भगीराज इनाम |

✼ मदन पुरस्कार प्राप्त गर्ने पहिलो प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द, विसर्जन कृतिका लागि (२०५४ मा)
✼ मदन पुरस्कार प्राप्त गर्ने पहिलो उपन्यास मन (२०१४), लिलाध्वज थापा
✼ मदन पुरस्कार प्राप्त गर्ने पहिलो काव्य मानव (२०२३), मोदनाथ प्रश्रित
✼ मदन पुरस्कार प्राप्त गर्ने पहिलो कविता सङ्ग्रह विस्फोट, भीमनिधि तिवारी
✼ मदन पुरस्कार प्राप्त गर्ने विदेशी नागरिक फादर विलियम्स हुन् ।
✼ वि.सं. २०३१ र २०३३ मा मदन पुरस्कार वितरण गरिएन ।
✼ मदन पुरस्कार प्राप्त गर्ने कम उमेरका लेखक : मोदनाथ प्रश्रित (२४ वर्ष)
✼ मदन पुरस्कार प्राप्त गर्ने पहिलो विदेशी : फादर विलियम बर्क हेलिङ्याक्स

**८ मदन पुरस्कार २०८१ का लागि छनौटमा परेका कृतिहरु**

| कृति | लेखक |
|---|---|
| उरमाल | छुदेन कामिबो |
| दर्ज्य संलाप | कुमारी लामा |
| बहुरुपी | श्रेयज सुवेदी |
| हिउँको गीत | तीर्थ गुरूङ |
| छालबाटो | रमेश भुसाल |
| पञ्चरत्नको पालाम | मनप्रसाद सुब्बा |
| भिक्षु व्यापार र विद्रोह | सुधीर शर्मा |

**३. जगदम्बा-श्री पुरस्कार, २०८१ बाट सम्मानित व्यक्ति को हो ?**
☞ प्रेमदेव गिरी
✼ कृति : "लोक भाका सङ्कलन र संरक्षणमा विशिष्ट योगदान गरे बापत" प्रदान गरिएको
✼ वि.सं. २०४५ बाट प्रदान गरिएको
✼ मदन पुरस्कार गुठीले प्रदान गर्ने यो पुरस्कारको राशी ४ लाख रहेको हो ।
✼ पहिलो पटक जगदम्बा श्री पुरस्कार प्राप्त गर्ने व्यक्ती : नारायण गोपाल
✼ प्रदान गर्ने संस्था : मदन पुरस्कार गुठी
✼ पछिल्ला जगदम्बा श्री पुरस्कार विजेताहरु :
- वि.सं. २०८१ : प्रेमदेव गिरी (लोकभाका सङ्कलन र संरक्षणमा विशिष्ट योगदान गरेवापत)
- वि.सं. २०८० : प्रा.डा. योगेन्द्रप्रसाद यादव
- वि.सं. २०७९ : टेकबिर मुखिया
- वि.सं. २०७८ : दुर्गा प्रसाद श्रेष्ठ
- वि.सं. २०७७ : भैरव बहादुर थापा

**४. नेपाल सरकारले कर्णाली र सुदूरपश्चिमका ९७ वटा हिमाल आरोहण गर्दा लाग्ने शुल्कमा छुट कहिले गरीयो ?**
☞ विसं २०८२ साउन १८
✼ मन्त्रीपरिषद्को विसं २०८२ साउन १८ को बैठकले आगामी दुई वर्ष कर्णालीका ७४, सुदूर पश्चिमका २० र दुवै प्रदेशको सीमामा रहेका तीन वटा गरी ९७ वटा हिमालको आरोहण निःशुल्क गरेको ।

**५. राष्ट्रिय सूचना दिवस २०८२ को नारा के रहेको छ ?**
☞ "सूचना हाम्रो अधिकार : सुशासन र विकासको आधार"
✼ हरेक वर्ष कहिले मनाइन्छः भाद्र ३
✼ कतिऔं: १९ औं
✼ कहिले देखि मनाउन थालिएको: वि.सं. २०६४
✼ वि.सं. २०६४ भाद्र ३ गतेदेखि 'सूचनाको हकसम्बन्धी ऐन' कार्यन्वयनमा आएको अवसरमा हरेक वर्ष भाद्र ३ मा मनाउने गरिएको हो ।
✼ 'सूचनाको हकसम्बन्धी ऐन' कहिले प्रमाणीकरण भएको: वि.सं. २०६४ श्रावण ५
✼ राष्ट्रिय सूचना तथा संचार प्रविधि दिवसः मे २

**६. नेपाल सरकारले "राष्ट्रिय युवा नीति-२०८२" कहिले स्वीकृत भयो ?**
☞ वि.स. २०८२ भदौ २ गते



✼ वि.स. २०८२ भदौ २ गते बसेको मन्त्रिपरिषद् बैठकले "राष्ट्रिय युवा नीति-२०८२" स्वीकृत गराएको छ । जसअनुसार नेपालमा १८ वर्षदेखि ३५ वर्षसम्मका व्यक्तिलाई 'युवा' भनिएको छ । २०७२ सालमा स्वीकृत भएको "राष्ट्रिय युवा नीति" मा १६ वर्षदेखि ४० वर्षसम्मका व्यक्तिलाई 'युवा' भनेर परिभाषित गरिएको थियो ।

# अपाङ्गता भएका बालबालिकालाई घरमै विद्यालय

**महोत्तरी, भाद्र १३ गते ।**
"हमरा नई लगैछल जे हमर बेटी बाज सकत, मुदा एकर जिनगीमे कायापलट भगेल," (मलाई लाग्दैनथ्यो, हाम्री छोरी बोल्न सक्नेछिन्, तर उनको जिन्दगीमा नसोचेको प्रगति भयो) जलेश्वर नगरपालिका-११ पिगौनाको वनटोलबा बस्तीकी ३५ वर्षीया वविता पण्डित कुम्हालले बौद्धिक अपाङ्गता भएकी छोरी ११ वर्षीया रचनालाई देखाउँदै भनिन्, "आब त हमर बेटी लिखपढसँगें कतेको चित्रसभ बनबैत अछि" (अब त हाम्री छोरी लेखपढ गर्नसँगै कैयौं चित्र बनाउने भएकी छन्) ।
रचनामात्र होइन, जलेश्वर-८ का शारीरिक अपाङ्गता भएका सात वर्षीय प्रेम बैठा धोबी, जलेश्वर-४ सुगाका चार वर्षीया विवेक महतो, जलेश्वर-७ अन्कारका सात वर्षीय नजाबुल राइन, जलेश्वर-३ मलिवाराका छ वर्षीय साकिव अन्सारी र जलेश्वर-७ महादेवपट्टी बस्तीका १० वर्षीय वीरेन्द्र मण्डल पनि शारीरिक रूपमा अपाङ्गता भएर पनि अब लेखपढ गर्न जान्न थालेका छन् । कुनै जन्मले नै र कतिपय जीवनका विभिन्न घटनामा परी अपाङ्ग भएर घरमैं कुँजिएका बालबालिकाका लागि अहिले रतौली युवा क्लबले संचालन गरेको 'घरमै विद्यालय' कार्यक्रम वरदान भएको छ ।
क्लबले जिल्लाका जलेश्वर नगरपालिका र पिपरा गाउँपालिकामा संचालन गरेको यो कार्यक्रममा अहिले शारीरिक रूपमा अपाङ्गता भएका बालबालिकालाई घरमैं हेरचाह र पठनपाठन अभ्यास गराउँदैछ ।
धेरैजसो बौद्धिक अपाङ्गता भएका बोल्न नसक्ने बालबालिका अहिले नियमित अभ्यास र शिक्षकको हेरचाहले लेखपढ गर्न, चित्र कोर्न र जुडो खेल्न जान्ने भएका छन् ।



"हामीले यस्ता बालबालिकाका लागि उनीहरुकै घरमा विद्यालयको झल्को दिने शैक्षिक सामग्री र शिक्षकको व्यवस्था गरेका छौं," क्लबका कार्यकारी निर्देशक वैद्यनाथ चौधरी भन्छन्, "नियमित एक वर्षको देखभालले यी बालबालिका विद्यालय जानसक्ने बनाउनु हाम्रो उद्देश्य हो ।"
सन् २०२५ जनवरीदेखि सुरु गरिएको यो कार्यक्रम आउने डिसेम्बरमा एक वर्ष पूरा हुनेछ । त्यसपछि आवश्यकतानुसार अवधि थपिने उनको भनाइ छ । यो कार्यक्रम संचालन गर्न क्लबलाई अन्तरराष्ट्रिय गैरसरकारी संस्था 'सेभ द चिल्ड्रेन'ले आर्थिक सहयोग जुटाएको चौधरीले बताए ।
कार्यक्रमअन्तर्गत सहयोगी शिक्षक दिनहुँ 'घरमै विद्यालय' का बालबालिकालालाई अभ्यास गराउन पुग्छन् । दिनहुँ चारघण्टा आफ्नो विद्यार्थीसँग बसेर उनकै अनुकूलतामा गराइने लेखन तथा वाचन अभ्यासले यस्ता बालबालिकामा निकै सुधार भएको जलेश्वर-११ पिगौनाको वनटोलवाको 'घरमै विद्यालय'का सहयोगी शिक्षक सजनीकुमारी मण्डल बताउँछिन् ।
"मैले हेचरचाह गरेकी रचना त बोल्दै बोल्दिनथिन्, पछिपछि विस्तारै उनीसँगै खेल्दै बोल्दैजाँदा बल्ल लेखपढ गर्न थालिन्", आफूले हेरचाह गरिरहेकी रचना पण्डितबारे जानकारी दिँदै सजनीले भने, "अब साउँ अक्षर सबै लेख्ने भएकी छन्, चित्र कोर्नमा यिनको अभिरुचि बढेको छ ।"
बोल्दैनबोल्ने छोरी अब घरका परिवारजनलाई नाता लगाएर बोलाउने र शिक्षक पढाएर फर्कंपछि पनि कापीकलम लिएर चित्र कोर्ने गरेकी रचनाकी आमा वविताले खुसी हुँदै बताइन् । रचना अहिले लेखपढ र चित्र कोर्नेमात्र नभई व्यक्तिगत आहारव्यवहारमा पनि पोख्त बनेकी देखिन्छ । आफ्ना घर आउने जोसुकै अतिथिलाई नमस्कारको अभिवादनबाट रचना स्वागत गर्छिन् । रचनामा आएको यो परिवर्तनले पिगौनावासी चकित छन् ।
क्लबले सुरु गरेको यो कार्यक्रमलाई जिल्लाका बुद्धिजीवीले सराहना गरेका छन् । आर्थिक रुपले निकै कमजोर भएका परिवारका बालबालिकाले यो कार्यक्रमबाट शिक्षामात्र नभएर आहारव्यवहार सिक्ने अवसर पनि पाएका राजकीय संस्कृत माध्यमिक विद्यालयका मटिहानीका प्रधानाध्यापक ईश्वरी पौडेलको प्रतिक्रिया छ । "कसैको नजर नपुगेको क्षेत्रमा यो कार्यक्रम थालिएको छ, यसको विस्तारमा अब राज्यका शैक्षिक निकायले पनि सहकार्य बढाउन आवश्यक छ", पौडेलले भने ।
कार्यक्रम सरकारी अवधारणालाई नै बल पुर्‍याउन सुरु गरिएको क्लबका कार्यक्रम प्रबन्धक पूजनारायण साहको भनाइ छ । 'घरमै विद्यालय' नेपाल सरकारकै अवधारणा रहेको बताउँदै साहले आफ्ना काममे यस्ता कार्यक्रम सञ्चालन गर्न राज्यका निकाय र मधेसका अन्य सङ्घसंस्थालाई उदाहरण बनेको बताए । "यो कार्यक्रम संचालन गर्न ठाउँ नै पिच्छे व्यवस्थापनमा र शिक्षकको पारिश्रमिकमा मुख्य खर्च रहेको छ", साहले भने । अब यो कार्यक्रम स्थानीय तहले बनाउनुपर्ने साहको सुझाव छ । "अहिले त दातृसंस्थाको सहयोग छ, तर यो त केही दिनका लागि हो", साह भन्छन्, "यसलाई जीवन्त राख्न स्थानीय तहहरूले आफ्ना कार्यक्रममा समावेश गर्नुपर्छ ।"
कार्यक्रमप्रति स्थानीय तहका जनप्रतिनिधिले पनि सकारात्मक चासो बढाएका छन् । जलेश्वर-११ का वडाध्यक्ष मनोज साहले अब बन्ने बजेट र कार्यक्रममा यो कार्यक्रम समावेश गर्ने पहलकदमी लिने प्रतिबद्धता जनाए ।
यसैगरी पिपरा गाउँपालिकाका अध्यक्ष रामजानकी यादवले आफ्नो गाउँपालिका क्षेत्रभरिका यस्ता बालबालिकाको नयाँ लगत बनाएर यिनीह केन्द्रित कार्यक्रम बनाइने बताएका छन् । रासस

# संक्रमणकालीन न्यायलाई टुङ्गोमा पुर्‍याउन आयोगको आग्रह

**काठमाडौं, भाद्र १३ गते ।**
राष्ट्रिय मानवअधिकार आयोगले द्वन्द्व प्रभावितलाई विश्वासमा लिएर संक्रमणकालीन न्यायलाई टुङ्गोमा पुर्‍याउन सरकारसँग आग्रह गरेको छ ।
आयोगले नेपालमा १० वर्षसम्म चलेको सशस्त्र द्वन्द्वकालमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था अझै पनि सार्वजनिक हुन नसकेको विषयलाई गम्भीर रूपमा लिएर उक्त प्रकिया निषकर्षमा पुर्‍याउन आग्रह गरेको हो ।
आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले बेपत्ताविरुद्धको अन्तरराष्ट्रिय दिन (अगस्त ३०) का अवसरमा आयोगले आज जारी गरेको प्रेस विज्ञप्तिमा बेपत्ता पारिएका व्यक्तिको अवस्था सार्वजनिक गर्न समेत माग गरेको छ ।
"बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगले प्रभावितलाई विश्वासमा लिएर निष्पक्ष, विश्वसनीय र सक्षम रूपमा कार्य गर्न, बेपत्ता पारिएका व्यक्तिको अवस्था सार्वजनिक गर्नरगराउन, यस आयोगका सिफारिसहरू कार्यान्वयन गर्नुपर्छ," विज्ञप्तिमा भनिएको छ, "बेपत्ता पार्ने कार्यमा संलग्न भएका व्यक्तिहरूलाई कारबाहीको दायरामा ल्याउन र पीडितका परिवारलाई न्याय तथा परिपूरणको सुनिश्चितता गर्न आयोग नेपाल सरकार र सम्बन्धित सबै पक्षलाई निर्देशन गर्दछ ।"
विस्तृत शान्ति सम्झौताको १९ वर्ष पूरा हुनलाग्दा पनि शान्ति सम्झौताबमोजिम बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक नहुनु र प्रभावितहरू लामो समयदेखि न्यायको पर्खाइमा रहिरहनु भनेको चिन्ताको विषय हो । विस्तृत शान्ति सम्झौतामा द्वन्द्वकालमा बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्ने भनी उल्लेख भएता पनि हालसम्म स्थिति सार्वजनिक नहुँदा प्रभावित परिवारको सत्यतथ्य जान्न पाउने अधिकार, सांस्कृतिक अधिकार र राहत तथा क्षतिपूर्तिको अधिकारसमेत उल्लङ्घन भएको आयोगको ठहर छ ।
"बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा आयोगमा परेका उजुरीहरूमा आयोगले छानबिन गरी दोषीलाई कारबाही, प्रभावित परिवारलाई क्षतिपूर्ति र बेपत्ता भएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्नका लागि सरकारलाई पटकपटक गरी दुई सय २६ वटा सिफारिस गरेको छ", विज्ञप्तिमा भनिएको छ, "आयोगमा अझै पनि उजुरीहरू विचाराधीन छन् । तर आयोगका सिफारिसहरूको कार्यान्वयन अवस्था भने निराशाजनक हुनुले सरकार बेपत्ता पारिएका व्यक्तिहरूको न्यायका सन्दर्भमा जिम्मेवार हुन नसकेको आयोगको ठहर छ ।"
संक्रमणकालीन न्यायसम्बन्धी आयोगहरू पटकपटक गठन भएता पनि ती आयोगहरूबाट कार्य पूर्ण नहुँदै समयावधि समाप्त हुने अवस्था रहनु चिन्ताको विषय भएको र अहिले बनेको बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले प्रभावितहरूलाई विश्वासमा लिएर संक्रमणकालीन न्यायलाई टुङ्गोमा पुर्‍याउनुपर्दछ भन्नेमा आयोग दृढ रहेको जनाएको छ । रासस

# हैजा संक्रमित उपचारपछि घर फर्किए

**वीरगञ्ज, भाद्र १३ गते ।**
वीरगञ्जका अस्पतालमा भर्ना भएका करिब साढे चार सय हैजा सङ्क्रमितहरु उपचारपछि निको भएर घर फर्केका छन् । वीरगञ्ज महानगर आसपासमा हैजा संक्रमण फैलिएपछि यहाँका १८ वटा अस्पतालमा उपचारपछि घर फर्किएको स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले जानकारी दिए । उनका अनुसार शुक्रवार बिहान १० बजेसम्म हैजा संक्रमित ६७६ जना अस्पतालमा भर्ना भएका थिए । "अहिले यहाँका विभिन्न अस्पतालमा हैजा संक्रमित ३२ जना बिरामी सघन उपचार कक्ष (आइसियू)मा उपचारत हुनुहुन्छ भने सात जना उच्च हेरचाह कक्ष (एचडियू)मा उपचाररत हुनुहुन्छ", उनले भने, "यहाँका डेढ दर्जन अस्पतालको जनरल वार्डमा १८९ बिरामी छन् ।" साथै वीरगञ्ज आसपासमा २२८ हैजाका बिरामी उपचारत छन् ।
स्वास्थ्य कार्यालय पर्साका अनुसार १५२ वटा नमुना आरडिटीमार्फत कोलेरा जाँच गर्दा हैजाका संक्रमित भेटिएका छन् । संक्रमितमध्ये ७६ जना डिस्चार्ज तथा रेफर भएका छन् भने ७४ जनामा संक्रमण देखिएको छ । यहाँका ३२ वटा बिरामीको दिसाको नमुना 'कल्चर' जाँचका लागि पठाइएका मध्ये २० जनामा हैजाको सङ्क्रमण पुष्टि भएको छ । रासस

# सहिद परिवार लक्षित कार्यक्रमबारे छलफल

**महेन्द्रनगर, भाद्र १३ गते ।**
मधेसी सहिद प्रतिष्ठानले चालु आर्थिक वर्षमा सहिद परिवार लक्षित कार्यक्रम कार्यान्वयनका लागि छलफल गरेको छ ।
शुक्रवार जनकपुरमा प्रतिष्ठानका अध्यक्ष एवं गृह, संचार तथा कानुनमन्त्री राजकुमार लेखीको अध्यक्षतामा बसेको बैठकमा चालु आवका लागि विनियोजित दुई करोड रकमलाई सहिद परिवार र तिनका सन्तानलाई प्रत्यक्ष फाइदा पुग्याउने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्नेमा जोड दिइएको छ ।
गृहसचिव विमलप्रसाद बरालले सहिद परिवारको सम्मानका लागि विनियोजित रकमबाट स्वास्थ्य, शिक्षा, सीप विकासलगायत कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने विषयमा विभिन्न निर्णय गरिएको बताए ।
बैठकले सहिदको 'प्रोफाइल' निर्माण तथा प्रकाशन, सहिद स्मृति पुरस्कार, स्वास्थ्य बिमा, बलिदानी दिवस आयोजना, सहिदका सन्तानलाई छात्रवृत्ति, सीप विकास तथा लोकसेवा तालिम सञ्चालन, सहिद स्मृति पार्क निर्माण गर्नेलगायत निर्णय गरेको उनले जानकारी दिए । रासस

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री